ग्राहक र परिवारका सम्बन्धित सदस्य(हरू)ले समाजिक कार्यकर्ताले CR सिफारिसको लागि उनीहरूको योग्यता मूल्याङ्कन गर्नको लागि उनीहरूको पारिवारिक पृष्ठभूमि, आवासको आवश्यकता, आर्थिक अवस्था, उपलब्ध स्रोत र सहयोगी सञ्जाल, आदिको बारेमा सबै आवश्यक विवरण र सहायक कागजातहरू उपलब्ध गराउनुपर्छ।

ग्राहक र परिवारका सम्बन्धित सदस्य(हरू)ले उनीहरूको व्यक्तिगत परिस्थितिको बारेमा सहायक कागजातहरू उपलब्ध गराउनुपर्नेछ। सामान्यतया, कागजातहरूमा हङ्कङ् परिचयपत्र, जन्मदर्ता प्रमाणपत्र, वैवाहिक स्थिति जनाउने कागजातहरू (जस्तो, विवाह दर्ता प्रमाणपत्र/सम्बन्ध विच्छेदको कागजात), बालबच्चा(हरू)को हेरचाह (चाइल्ड कस्टडी) सम्बन्धी अदालती आदेश, आयको प्रमाण (उदाहरण, तलब विवरण, पेरोल पर्चा), बैंक पासबुक/विवरण, भाडाको रसिद, सम्पत्ति/घरायसी घरजग्गा स्वामित्वको कागजात, कानुनी घोषणा, र मेडिकल प्रतिवेदन/प्रमाणपत्र (यदि लागू हुने भए), आदि पर्न सक्छन्, तर त्यतिमै सीमित हुनुपर्छ भन्ने छैन।

यदि ग्राहकले सम्बन्धित विवरण र सहायक कागजातहरू उपलब्ध गराउन सक्नुभएन भने समाजिक कार्यकर्ताले मूल्याङ्कन र CR सिफारिस सम्पन्न गर्न सक्दैनन्।

## कार्यसञ्चालन प्रक्रिया

CR को लागि सिफारिस गर्नुपर्ने या नपर्ने भन्ने कुराको मूल्याङ्कन गर्दागर्दै समाजिक कार्यकर्ताले ग्राहकसँग आवासको आवश्यकतालाई पूर्ति गर्न अन्य संभावित उपायहरू अपनाउने विषयमा खोजी गर्नेछन्। यदि अन्य संभावित उपायहरू नभेटिएमा समाजिक कार्यकर्ताले सामाजिक तथा मेडिकल आवश्यकताहरू (यदि लागू हुने भए), लगायत व्यक्तिगत परिस्थिति र HA तथा PRH आवेदनमा निर्धारित आय र सम्पत्ति सीमाको सन्दर्भमा ग्राहक र परिवारका सम्बन्धित सदस्यहरूको आर्थिक अवस्थाको पेशागत मूल्याङ्कन गर्नेछन्। व्यक्तिगत मामिलाका प्रकृति र जटिलता, साथसाथै उपलब्ध स्रोत तथा सहयोगी सञ्जालमा भिन्नता हुने हुनाले समाजिक कार्यकर्ताले CR को लागि योग्यताको मूल्याङ्कन ग्राहक र परिवारका सम्बन्धित सदस्यले उपलब्ध गराएका विवरणको सहयोगमा व्यक्तिगत परिस्थितिको आधारमा गर्नेछन्।

यदि ग्राहक योग्यता मापदण्डभित्र पर्ने मूल्याङ्कन गरियो भने समाजिक कार्यकर्ताले सिफारिस तयार पारी सेवा इकाइको जिम्मेवार अधिकृत / सुपरीवेक्षकलाई पेश गर्नेछन्। मूल्याङ्कन मापदण्डहरूमा एकरूपता ल्याउनको लागि प्रत्येक मामिला SWD का सम्बन्धित जिल्ला समाज कल्याण अधिकृतले मूल्याङ्कन गरी अनुमोदन गर्छन् र त्यसपछि उनले योग्य मामिलाहरू HD लाई सिफारिस गर्छन्।

CR का लागि प्रशोधन समय फरक मामिला परिस्थिति अनुसार फरक पर्न सक्छ। SWD ले सबै आवश्यक कागजात प्राप्त भएर सम्बन्धित छानबिन र मूल्याङ्कन सम्पन्न हुने बित्तिकै योग्य आवेदनलाई स्वीकृतिको लागि HD समक्ष सिफारिस गर्नेछ। समाजिक कार्यकर्ताले मामिला CR को लागि सिफारिस गरियो वा गरिएन भनेर ग्राहकलाई लिखित रूपमा सूचित गर्नेछन्।

SWD द्वारा सिफारिस गरिएको CR मामिला प्राप्त भएपछि, HD ले CMT, DPT र आवास नियम, आदि लगायत मामिलालाई सुक्ष्म किसिमले अध्ययन गरी विस्तृत योग्यता मूल्याङ्कन गर्नेछ। योग्य आवेदनलाई फ्ल्याट विनियोजन गर्न सुरु गर्नेछ र आवेदकहरूलाई सकेसम्म छिटो फ्ल्याट छुट्ट्याइएको सम्बन्धमा सूचित गर्नेछन्। सामान्यतया, CR ग्राहकको आसन्न र



आवासको आवश्यकता पूरा गर्नको लागि हो, सिफारिसमा स्थानको प्राथमिकता दिइने छैन, किनकि यसले फ्ल्याट पाउने सम्भावनालाई साँघुरो बनाउने र विनियोजन समय पनि लम्ब्याउन सक्नेछ। ग्राहकहरूले मर्मत गरिएका उपलब्ध PRH इकाइहरूको विनियोजनलाई पनि स्वीकार गर्नुपर्छ।

## वैकल्पिक आवास अनुदान

SWD र HD ले PRH स्थानान्तरण, PRH किरायेदारीको विभाजन, परिवारका सदस्य(हरू)लाई SWD र HD ले PRH स्थानान्तरण, PRH किरायेदारीको विभाजन, परिवारका सदस्य(हरू)लाई PRH किरायेदारीमा थप गर्ने र PRH किरायेदार र PRH आवेदकहरूका लागि अन्य आवास सहयोग गर्नको लागि विशेष अवस्थाहरू व्यवस्थापन गर्न एक अन्तर-विभागीय रिफेरल संयन्त्र स्थापना गरेका छन्। स्थापित संयन्त्र अन्तर्गत HD ले PRH किरायेदार र PRH आवेदकहरूका आवेदनहरूको योग्यताको मूल्यांकन गरी अनुमोदन गर्नेछ। यदि केही आवेदनहरू विशेष महत्व दिनुपर्ने वा कल्याणकारी सहायताको लागि ग्राहकका सामाजिक वा चिकित्सकीय आधार (यदि लागू हुने भए) हुँदाहुँदै पनि HD को विद्यमान नीति अन्तर्गत सम्मिलित गर्न (स्वीकृत गर्न) सकिएन भने HD ले ग्राहकको मञ्जुरीनामा प्राप्त गरेपछि फलो-अप र उचित सहायताको लागि SWD को सेवा इकाइ वा स्वीकृत गैससलाई लिखित सिफारिस गर्न सक्छ।

## शुल्क

CCR र वैकल्पिक आवास अनुदान निःशुल्क हुन्।

### सोधपूछ

CR वा वैकल्पिक आवास अनुदानमा सोधपुछका लागि, कृपया SWD को हटलाइन 2343 2255 मा सम्पर्क गर्नुहोस्। प्रश्नहरू लागि CR वा वैकल्पिक आवास अनुदान अन्तर्गत व्यक्तिगत सवालमा मामिला अगाडि बढाउने विषयमा कृपया सम्बन्धित सेवा इकाइमा सम्पर्क गर्नुहोस्।

4-2016



# करुणामय पुनर्वास र वैकल्पिक आवास अनुदान



社會福利署
Social Welfare Department

Nepali

# करुणामय पुनर्वास(CR)

CR विशेष आवास अनुदानको एक रूप हो, जसले वास्तविक र आसन्न दीर्घकालीन आवासको आवश्यकता भएका, तर विशेष परिस्थितिमा उनीहरूको सामाजिक र चिकित्सकीय आवश्यकताहरू (यदि लागू ) ले गर्दा उनीहरूको आवास समस्या समाधान गर्ने अन्य कुनै संभावित उपायहरू नभएका, व्यक्ति र परिवारहरूलाई आवास सहायता प्रदान गर्ने लक्ष्य लिएको छ। CR सामान्य सार्वजनिक किरायेदारी आवास (PRH) आवेदन भन्दा फरक छ। यसको पेशागत सामाजिक कार्यकर्ता / अनुमतिप्राप्त व्यक्तिद्वारा विस्तृत रूपमा मूल्यांकन हुनुपर्छ। समाज कल्याण विभाग (SWD) ले आवास विभाग (HD) लाई मामिलाहरू सिफारिस गर्छ। CR सिफारिस प्राप्त गरेपछि, HD ले योग्य केसहरूलाई विस्तृत रूपमा योग्यता निर्धारण र सार्वजनिक किरायेदारी आवास (PRH) इकाइको विनियोजनको व्यवस्था गर्नेछ।

## CR को योग्यता मापदण्ड Note 1

ग्राहक र सिफारिसमा सम्मिलित हुने परिवारका सदस्य (हरू) ले निम्न मापदण्डहरू पूरा गर्नु पर्नेछ -

1. हाल हङकङमा बसोवास गरिरहेको र हङकङमा जमिन किन्न पाउने; हङकङमा जमिन किन्न नपाउने वा हाल बसोबास पनि नगर्नेलाई सिफारिसमा समावेश गरिनुहुन्न;

2. आसन्न दीर्घकालीन आवासको आवश्यकता भएका, र विशेष परिस्थितिमा उनीहरूको सामाजिक र चिकित्सकीय आवश्यकताहरू (यदि लागू हुने भए) ले गर्दा उनीहरूको आवास समस्या समाधान गर्ने अन्य कुनै संभावित उपायहरू नभएको देखिएको वा त्यस्तो देखाउने प्रयास गरेका;

3. सामाजिक कार्यकर्ता र सार्वजनिक अस्पताल वा सार्वजनिक क्लिनिक (यदि लागू हुन्छ भने)ले मूल्याङ्कन गरे अनुसार विशेष सामाजिक र चिकित्सकीय आवश्यकता छ (यदि लागू हुन्छ भने), जुन समस्या/कठिनाइको CR प्रदान गरिदिएपछि समाधान हुन्छ वा त्यसबाट मुक्ति पाउँछन् भन्ने निर्धारण भएको Note 2.

4. HD ले सञ्चालन गर्ने विस्तृत साधनस्रोत परीक्षा (CMT) (हङकङ आवास प्राधिकरण(HA) द्वारा घोषणा गरेको PRH आय र सम्पत्ति सीमा) र घरेलु सम्पत्ति जाँच (DPT)(अर्थात् हङकङको आवासीय सम्पत्ति (घर) मा कुनै स्वामित्व नरहेको) उत्तीर्ण गर्नु पर्ने; र

5. PRH भाडा (व्यापक सामाजिक सुरक्षा सहायता योजना वा अन्य प्रकारका वित्तीय स्रोत अन्तर्गत भाडा भत्ताबाट पाउने भुक्तानी सहित) तिर्ने क्षमता भएको

समाजिक कार्यकर्ताले ग्राहकको पारिवारिक पृष्ठभूमि र वित्तीय अवस्थाको अध्ययन गर्नेछन्, र माथिका सर्तहरू अन्तर्गत उनको योग्यता निर्धारणको लागि सान्दर्भिक विवरण र कागजातको सुक्ष्म जाँच गर्नेछन्। व्यक्तिगत मामिलाका प्रकृति र जटिलता, साथसाथै उपलब्ध स्रोत तथा सहयोगी

Note 1 CR को योग्यता मापदण्ड यस अन्तर्गतका दुई योजनाहरुमा पनि लागू हुनेछ, सशर्त किरायेदारी योजना र वृद्ध घरजग्गा मालिक–भाडावालहरूका लागि अनुग्रही योजना।

Note 2 एकल मामिलाको परिस्थितिमा ध्यान दिँदा सामाजिक कार्यकर्ताले ग्राहक PRH इकाइमा रहन लायक छन् कि छैनन् भन्ने निर्धारण गर्न चिकित्सक वा सार्वजकनिक अस्पताल वा सार्वजनिक क्लिनिकबाट चिकित्सकीय परीक्षण गराउन सक्छन्।



भिन्नता हुने हुनाले समाजिक कार्यकर्ताले CR को लागि योग्यताको मूल्याङ्कन ग्राहक र परिवारका सम्बन्धित सदस्यले उपलब्ध गराएका विवरणको सहयोगमा व्यक्तिगत परिस्थितिको आधारमा गर्नेछन्।

सिफारिस गरिएका CR केसहरूलाई PRH विनियोजन गर्ने समयमा, ग्राहक र परिवारका सम्बन्धित सदस्य (हरू) हङकङमा बसोवास गरिरहेको हुनुपर्ने र तिनीहरूमध्ये कम्तिमा आधा कम से कम सात वर्षसम्म हङकङ बसेको हुनुपर्छ। निम्न अवस्थाहरूमा, 18 वर्षभन्दा कम उमेरको बच्चाले सात वर्ष बसोवास नियम पूरा गरेका ठानिने छ:

(क) कम्तीमा उनका आमाबाबु, बच्चा हङकङमा जन्मेको होस् वा नहोस्, कम्तिमा सात वर्षसम्म हङकङमा बसेको हुनु पर्नेछ; वा

(ख) स्थापित स्थायी निवासी हैसियत सहित बच्चा हङकङमा जन्मिएको हुनुपर्नेछ।

## ससर्त किरायेदारी योजना

ससर्त किरायेदारी (CT) एक CR अन्तर्गतको योजना हो, जसको लक्ष्य सम्बन्ध विच्छेदका लागि निवेदन दायर गर्ने, वास्तविक र आसन्न दीर्घकालीन आवासको आवश्यकता भएका र विशेष अवस्थामा उनीहरूका सामाजिक तथा चिकित्सकीय आवश्यकताहरू (यदि लागू हुने भए) ले गर्दा उनीहरूको आवासको समस्या समाधान गर्ने अन्य माध्यम नभएका, व्यक्तिहरूलाई सहायता प्रदान गर्नु हो। उनीहरूको सम्बन्ध विच्छेदको मुद्दामा अदालतको निर्णय पर्खिरहँदा SWD ले CT को रूपमा PRH इकाइमा अस्थायी आवास उपलब्ध गराउन HD लाई सिफारिस गर्छ। सम्बन्ध विच्छेदको कार्यवाही पूरा भएर उनीहरूले PRH का लागि आवेदन गर्न योग्य भएपछि उनीहरूले CT लाई सामान्य किरायेदारीमा रूपान्तरण गर्नको लागि निवेदन दिन सक्छन्।

CT CR अन्तर्गतको एक विशेष योजना हो, ग्राहकले माथि CR का लागि सूचीबद्ध योग्यताका मापदण्ड पूरा गर्नुपर्छ र निम्न अवस्थाहरू पनि पूरा गर्नुपर्छ -

1. सम्बन्ध बिच्छेद सम्बन्धी कार्यवाहीको परिणाम पर्खिरहँदा पतिसंग नै एकै इकाइमा निरन्तर बसोवास गरिरहँदा अनावश्यक कठिनाइ सामना गरिरहेको;

2. अदालतमा विश्वसनीय आवेदन दायर गरिएको छ, वा सम्बन्धविच्छेद सम्बन्धी कार्यवाहीको लागि कानुनी सहायताको अनुदान प्राप्त भएको छ;

3. बच्चा (हरू) को हेरचाह गर्ने जिम्मेवारी बहन गरिरहेको, यदि लागू हुने भए Note 3, र प्रशोधन इकाइको रायमा, बच्चा (हरू) को हेरचाह गर्नको लागि सबैभन्दा उपयुक्त पक्ष मानिएको; र

4. यदि केसमा बच्चाको हेरचाहको विषय पनि समावेश छ भनेNote 3, CT को लाभग्राहीले सम्बन्ध विच्छेद सम्बन्धी निर्णय सँगसँगै बालबच्चा राख्न पाउने साथसाथै हेरचाह र नियन्त्रण (यदि लागू हुने भए) को अधिकार प्राप्त नगरेको खण्डमा CT समाप्त हुने र PRH HD लाई फिर्ता गर्ने कुराको वचन दिनुपर्नेछ।ee.

सम्बन्ध विच्छेद सम्बन्धी आदेशसँगसँगै सम्बन्ध विच्छेदको सुनुवाइ समाप्त भएपछि, HD ले सम्बन्ध विच्छेद सम्बन्धी आदेशसँगसँगै सम्बन्ध विच्छेदको सुनुवाइ समाप्त भएपछि, HD ले सञ्चालन गर्ने

Note 3 मापदण्ड 3 र 4 कुनै सन्तान नभएका घरेलू हिंसा पीडितको लागि लागू हुने छैन। वैवाहिक घर छोड्दा आश्रित बालबच्चा(हरू) लिएर आउने घरेलु हिंसाबाट पीडितहरूका लागि मापदण्ड 3 पनि लागू हुने छैन।



(यदि लागू हुने भए) गर्न पाउने अधिकार प्राप्त गर्ने लगायत अन्य मापदण्ड पूरा गर्न सकेको खण्डमा लाभग्राहीले CT लाई सामान्य किरायेदारीमा रुपान्तरण गर्न सक्छन् न् Note 4

## वृद्ध घरजग्गा मालिक – भाडावालहरूका लागि अनुग्रही योजना

Tजीर्ण निजी भवनहरूमा बसोवास गरिरहेका वृद्ध घरजग्गा मालिक-भाडावालहरू (EPOs) ले जीर्ण निजी भवनहरूमा बसोवास गरिरहेका वृद्ध घरजग्गा मालिक-भाडावालहरू (EPOs) ले भोग्नुपरेका समस्याहरूलाई समाधान गर्न CR अन्तर्गत वृद्ध घरजग्गा मालिक – भाडावालहरूका लागि अनुग्रही योजना स्थापना गरिएको छ। हङ्कङ्मा आफ्नो घरायसी सम्पत्ति (घर) को स्वामित्व हुन नहुने मापदण्डलाई अस्थायी रूपमा छुट दिइनेछ र योग्य EPO हरू सङ्क्रमणकालीन व्यवस्था अनुसार अनुमतिपत्रको आधारमा PRH मा सर्नेछन्। यदि सम्बन्धित वृद्ध घरजग्गा बेची / व्यवस्थापन गरी सो सम्बन्धी औपचारिकता पूरा गरेर पनि PRH को लागि योग्य हुन आएमा उहाँले सामान्य PRH कियेदारीमा रूपान्तरण गर्नको लागि आवेदन दिन सक्नुहुन्छ।

वृद्ध घरजग्गा मालिक–भाडावालहरूका लागि अनुग्रही योजना CR अन्तर्गत एक विशेष योजना भएको हुनाले ग्राहक र सिफारिसमा सम्मिलित परिवारका सदस्यहरूले माथि सूचीकृत CR का मापदण्डहरूभित्र पर्नुपर्ने हुन्छ र DPT मापदण्डमा अस्थायी छुट पाउनको लागि निम्न मापदण्डहरू पनि पूरा गर्नुपर्छ –

1. ग्राहक र सिफारिसमा संलग्न परिवारका सदस्य(हरू) 60 वर्ष वा त्यसभन्दा बढी उमेरको हुनुहुन्छ;

2. ग्राहक र उहाँका परिवारका सदस्य(हरू) (यदि लागू हुने भए) 10 वर्ष वा त्योभन्दा बढी समयसम्म सम्बन्धित घरजग्गाको स्वामित्व लिनुभएको छ वा त्यहाँ बसोवास गर्नुभएको छ; र

3. सम्बन्धित घर लिफ्ट सेवा बिना हिँडेर जान सक्ने तल्लामा रहेको छ।

# CR सिफारिस अनुरोध गर्ने माध्यमहरू

योग्य व्यक्ति वा परिवारले सोधपुछका लागि SWD का एकीकृत परिवार सेवा केन्द्र / एकीकृत सेवा केन्द्र, पुनर्स्थापना सेवा इकाइ, चिकित्सकीय सामाजिक सेवा इकाइ, सामाजिक सुरक्षा क्षेत्रगत इकाइ, आदि र इजाजतप्राप्त गैर-सरकारी संस्था (NGO) हरूलाई सम्पर्क राख्न सक्नुहुन्छ।

सोधपुछ भइसकेपछि समाजिक कार्यकर्ताले ग्राहकको परिस्थितिको बारेमा प्रारम्भिक जाँच गर्नेछन्। यदि ग्राहकले योग्यता मापदण्ड पूरा गर्नेजस्तो देखियो भने समाजिक कार्यकर्ताले ग्राहक, उहाँका परिवारका सदस्य(हरू), सहयोगी कर्मचारी तथा अन्य सम्बन्धित पक्षहरूसँग अन्तर्वार्ता, भेटघाट, विषयगत परामर्श, आदि लगायत सम्पर्कको माध्यमबाट विस्तृत सामाजिक अनुसन्धान र पेशागत मूल्याङ्कन गर्नेछन्।

Note 4 जिी आवासीय सम्पत्तिको संयुक्त स्वामित्व वा उनको सम्बन्ध विच्छेद गरिसकेका श्रीमान/श्रीमतीसित गृह स्वामित्व योजना/किरायेदार खरिद योजना अन्तर्गत फ्ल्याटको स्वामित्व हुने ग्राहक लागि SWD सिफारिसमा HD ले सम्पत्तिमा उनीहरूको स्वामित्व आउनको लागि अदालतको आदेश पर्खने समयसम्मको लागि CT प्रदान गर्न DPT मापदण्डमा अस्थायी छुट दिने विषयमा विशेष ध्यान दिनेछ।